दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ५० | बुटवल | २०८२ फागुन ०१ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday February 13, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईंको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउन परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## साँच्चै नयाँ कांग्रेस हो, ठूलो पार्टी बन्छौं : विश्वप्रकाश



भैरहवा । नेपाली काँग्रेसका उप-सभापति विश्वप्रकाश शर्माले भदौ २३ र २४ को जेनजी आन्दोलनपछि नेपाली कांग्रेस मात्रै बदलिएर नयाँ नेतृत्वसहित आएको साँच्चै नयाँ दल भएको बताएका छन् । पार्टीले भैरहवामा गरेको चुनावी कार्यक्रममा शर्माले पार्टी बदलिएर आएकोले फागुन २१ गते हुने निर्वाचनबाट सबैभन्दा ठूलो दल बन्ने दाबी गरे । देशका विभिन्न स्थानमा पुग्दा र प्राप्त सूचनाबमोजिम काँग्रेस पहिलो पार्टी बन्ने उनको भनाइ छ ।

'काँग्रेस फेरि ठूलो दलको रूपमा देशको नेतृत्व गर्ने गरी बहुमतको दिशातर्फ अग्रसर भइरहेको छ,' शर्माले भने-'पुरानाका दिन गए भन्न मिल्दैन, यो धर्तीमा सबैभन्दा पूरानो धर्ती नै हो र नयाँ भनेको जन्ममितिले हुँदैन, नयाँ भनेको सौंच, दृष्टिकोण र नेतृत्वको बदलावले हुन्छ । साँच्चै बदलिएको हो र नयाँ भएर आएको काँग्रेस नै हो ।'

जेनजी आन्दोलनमा भएको मानवीय र राष्ट्रिय सम्पदा तथा निजी सम्पत्तिको क्षतिले आम नेपालीको मन जलेको, मन भाँचिएको र विश्वास टुक्रिएको टिप्पणी गर्दै तर जेनजी विद्रोह सबै गलत र भदौ २३ अघि सबै ठीक थियो भन्ने भाष्य सत्य नभएको शर्माले स्पष्ट पारे ।

जेनजी विद्रोहले देशमा परिवर्तन खोजेको भन्दै उनले सोही मर्म र भावनाअनुसार कांग्रेसले प्रतिकूल अवस्थामा समेत विशेष महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरेर कांग्रेसभित्र मात्र नभई अन्य दलमा समेत आशा र भरोसा दिलाएको बताए ।

उनले अहिले विशेष महाधिवेशन ठीक वा बेठीक भन्ने वहस गर्ने बेला नभएको उल्लेख गर्दै सिंगो कांग्रेस एकजुट भएर चुनावमा बहुमत ल्याउन खटिनुपर्ने निर्देशन दिए । 'फागुनको चुनावपछि नियमित महाधिवेशन हुन्छ, त्यसपछि प्रदेश र स्थानीय तहको चुनाव हुन्छ, ती चुनावमा उम्मेदवार हुन प्रारम्भिक चुनाव हुन्छ, त्यसैले उम्मेदवार बन्न अब पार्टी केन्द्रतिर हेर्ने होइन, आफ्नो कार्यक्षेत्रमा इमान्दार भएर खटिनुस्,' उपसभापति शर्माले भने-'अहिलेको चुनावमा बहुमत ल्याउन सकेनौं भने यसपछिका चुनावमा पनि पार्टी कमजोर हुनसक्छ भन्ने कुरा नभुलौं ।'

» बाँकी ३ पेजमा

## फागुन २१ को चुनाव देश जलाउनेहरू र जोगाउनेहरूबिचको हो : प्रचण्ड



बुटवल । पूर्वप्रधानमन्त्री एवं नेकपाका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले फागुन २१ गतेको चुनाव उम्मेदवारबिचमात्र नभई देशलाई विध्वंस गर्ने तत्व र प्रवृत्ति, त्यसलाई मलजल गर्ने विदेशी तागतहरू र सबै खाले अतिवाद र विध्वंसकारीकाविरुद्ध राष्ट्रलाई एकताबद्ध बनाउनुपर्छ भन्ने प्रवृत्तिबिच प्रतिस्पर्धा हुने बताएका छन् ।

बागलुङको बुर्तिबाङमा कार्यकर्तामाझ उनले यो चुनावलाई राष्ट्रको बृहत्तर हित, राष्ट्रिय स्वाधीनता, स्वतन्त्रता र नेपाली जनताको अधिकारको रक्षा गर्ने लडाइँका रूपमा लिन आग्रह गरे ।

उनले भने-'भदौ २४ देखि २६ गतेसम्म झण्डै यो देशमा राज्यविहीनताको स्थिति देखापऱ्यो । कसले चलाएको छ यो देशलाई भन्ने प्रश्न बडो गम्भीर ढंगले देखापऱ्यो । सामान्य रूपले मात्रै नसोचेर एउटा निर्वाचन अभियानका रूपमा मात्रै नसोचेर यो राष्ट्रको रक्षा गर्ने र राष्ट्रलाई गुलाम बनाउने प्रवृत्तिका बिचमा लडाइ, यो राष्ट्रलाई जलाएर ध्वस्त पार्न चाहने र यो राष्ट्रलाई जसरी पनि सुदृढ र समृद्ध बनाउन चाहने प्रवृत्तिका बिचको छिनाझपटीका रूपमा यो निर्वाचन छ ।'

सोसल मिडियाबाट थुप्रै फेक न्यूजहरू र भ्रामक कुरा गरेर कन्फ्यूजनमा पार्ने गरी जनताको दिमाग खराब गर्ने काम भइरहेको प्रचण्डले बताए ।

विश्व भू-राजनीति अहिले नयाँ किसिमको प्रतिस्पर्धा र सङ्क्रमणतिर अगाडि बढेको भन्दै उनले ठूला देश चीन र भारतको बिचमा रहेको नेपाल साँढेको जुधाई, बाछाको मिचाइ हुने त हैन भन्ने त्रासमा बाँच्नुपर्ने स्थिति बनेको टिप्पणी गरेका छन् ।

'रूस-युक्रेनको युद्ध । युक्रेनका पछाडि को छ ? अस्ति भर्खरै भेनेजुएलामा के भयो ? त्यहाँ एउटा सार्वभौम स्वतन्त्र राष्ट्रको निर्वाचित राष्ट्रपतिलाई अपहरण गरेर लैजाने काम कुन मानवअधिकार, कुन अन्तर्राष्ट्रिय कानुन, कुन मान्यताअनुसार भयोभन्दा अब जसको लाठी उसैको भैंसी भने जस्तै जङ्गली राज जस्तो देखिँदैन र यो ?'-प्रचण्डको प्रश्न थियो ।

## टोपबहादुर र बेचनको मुद्दाको सुनुवाइ स्थगित

बुटवल । नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका एमाले नेता तथा पूर्वमन्त्री टोपबहादुर रायमाझी र बेचन झाको मुद्दाको सुनुवाइ स्थगित भएको छ । उच्च अदालत पाटनका न्यायाधीशद्वय सूर्यनाथप्रकाश अधिकारी र गोपालप्रसाद बास्तोलाको इजलासमा सुनुवाइका लागि तोकिएको पेसी रायमाझीतर्फका कानुन व्यवसायीले निवेदन दिएर स्थगित गराएका हुन् ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार थुनामुक्तको माग गर्दै रायमाझी र झाले दिएको निवेदन जिल्ला अदालत काठमाडौँले अस्वीकार गरेपछि सो उपर उच्च अदालत पाटन गएका हुन् । पुस २५ गते नक्कली भुटानी शरणार्थी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका रायमाझीले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७१ (२) बमोजिम निवेदन दिएका हुन् ।

जिल्ला अदालत काठमाडौँका न्यायाधीश सुदर्शन लामिछानेको इजलासले मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७१ (२) अन्तर्गत थुनामुक्त गर्न अस्वीकार गरेपछि रायमाझी सो उपर उच्च अदालत पाटन पुगेका हुन् । यस्तै बेचन झाले जिल्ला अदालतले छाड्न अस्वीकार गरेपछि पुस ११ गते उच्च अदालत पाटनमा निवेदन दिएका थिए ।

मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ७१ (२) मा दफा ६७ वा दफा ६८ बमोजिम थुनामा परेको कुनै अभियुक्त कसुरदार होइन भन्ने प्रमाणित हुन सक्ने कुनै मनासिब आधार प्राप्त हुन आएमा मुद्दाको कारबाही जुनसुकै अवस्थामा पुगेको भए पनि त्यस्तो विषयमा सुनुवाइ गरी अदालतले निजलाई थुनाबाट छाड्ने आदेश दिन सक्ने उल्लेख छ । रायमाझीले दफा ७१ (२) मा टेकेर जिल्ला अदालतमा निवेदन दिएका हुन् ।

### स्थानीय सरकारको कार्यसम्पादन मूल्याङ्कनः

# पाणिनि देशभरमै उत्कृष्ट, काठमाडौं कमजोर





**लुम्बिनी संवाददाता**
*बुटवल*


७ सय ५३ स्थानीय सरकारमध्ये कार्यसम्पादन मूल्यांकनमा अर्घाखाँचीको पाणिनि गाउँपालिका देशभरिकै सबैभन्दा अब्बल सावित भएको छ ।

पाणिनि गाउँपालिकाले कुल ८३.८४ अंक प्राप्त गरी पहिलो स्थानमा रहेको राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले बिहीबार सार्वजनिक गरेको नतिजामा उल्लेख छ ।

८० अंक कटाउने देशभरि चार स्थानीय तह छन् । जसमा अर्घाखाँचीको एक, गुल्मीका २ र रूकुम पश्चिमको एक गाउँपालिका छन् ।

रूकुमश्चिमको चौरजहारी नगरपालिकाले ८२.१५ अंक ल्याएर दोस्रो स्थानमा छ । गुल्मीको मालिका गाउँपालिकाले ८१.९८ प्रतिशत र धुर्कोट गाउँपालिकाले ८०.५२ प्रतिशत अंक ल्याएर उत्कृष्ट गाउँपालिकाको सूचीमा अगाडि छन् ।

**उप–महानगरमा बुटवल अगाडि**

देशभरिका ११ उप-महानगरपालिकामध्ये कार्यसम्पादनमूल्यांकनमा बुटवल उप-महागरपालिका सबैभन्दा अगाडि देखिएको छ ।

जसअनुसार सबैभन्दा अगाडि ६४.४४ अंकसहित बुटवल छ । सबैभन्दा कमजोर इटहरी उप-नगरपालिका छ । इटहरीले ३८.९६ अंकमात्र पाएको छ ।

दाङका दुई उप-महानगरमध्ये तुल्सीपुरले ६१.५३ र घोराहीले ६१.०८ अंक पाएको तथ्यांक छ । धरान उप-महानगरले ४९.७६ अंक पाएको देखिन्छ ।

धनगढीले ५६.६०, नेपालगञ्जले ५६.४५, हेटौंडाले ५४.१३, जनकपुरले ५१.५८, धरानले ४९.७६, कलैयाले ४९.५७, जितपुर सिमराले ४८.३९ र इटहरीले ३८.९६ अंक पाएका छन् ।

आयोगले स्थानीय तहका हकमा कुल १७ सूचकमा मूल्यांकन गरेको थियो । जसमा १० असारभित्र बजेट सार्वजनिक गरे/नगरेको, असार मसान्तभित्र बजेट पास गरे/नगरेको उल्लेख छ ।

यसैगरी आर्थिक वर्ष २०८१/८२ मा घरजग्गा रजिस्ट्रेसन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन करबापत उठेको रकमध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक प्रदेश सञ्चित कोषमा दाखिला गरे/नगरेको समेत मूल्यांकनको सूचक मानिएको छ ।

आगामी आवको बजेट प्रक्षेपण सहित विवरण अर्थ मन्त्रालयमा बुझाए/नबुझाएको, बजेट समीक्षा गरी कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेकोलाई समेत सूचक मानिएको छ ।

यसबाहेक राजस्व परिचालन, बजेट खर्चको अवस्था, बेरूजु, सूत्र सफ्टवेयर प्रयोग, विद्यार्थी भर्ना दर, कक्षा ९ मा विद्यार्थी टिकाउ दर, गर्भ जाँच गर्ने महिला अनुपात, एसईई परीक्षाको नतिजा, खोप लगाएका बालबालिकाको अनुपात समेत आयोगले मूल्यांकनका आधार मान्ने गरेको छ । कार्यसम्पादन मूल्यांकनमा मधेस प्रदेशका अधिकांश स्थानीय तहको अंक कमजोर आएको छ ।

धनुषाको धनौजी गाउँपालिको ३१.८१ अंक पाएको छ । महोत्तरीको सोनमा गाउँपालिकाले ३५ अंक पाएको छ । सर्लाहीको चन्द्रनगर गाउँपालिकाले ३५.१६ अंक पाएको आयोगले जनाएको छ ।

रौतहट फतुवा विजयपुर नगरपालिकाले ३५.४१ अंक पाएको देखिन्छ । सोही जिल्लाको वृन्दावन नगरपालिकाले ३१.६९ अंक पाएको छ । सोही जिल्लाको देवाही गोनाही नगरपालिकाले ३०.९१ अंक पाएको छ । पर्साको धोबिनी गाउँपालिकाले ३२.८८ अंक पाएको देखिन्छ ।

**महानगरमा काठमाडौं सबैभन्दा कमजोर**

देशभरिका ६ महानगरपालिकामध्ये कार्यसम्पादन मूल्यांकनमा सबैभन्दा कमजोर काठमाडौं महानगरपालिका रहेको पाइएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले विभिन्न १७ सूचक आधार मानेर गरेको मूल्यांकनका आधारमा काठमाडौं महानगरपालिकाले ४४.९७ अंकमात्र प्राप्त गर्न सकेको छ । जुन देशभरिका ६ महानगरपालिकाको तुलनामा सबैभन्दा कमजोर हो ।

सबैभन्दा अब्बल भने यस वर्ष मोरङको विराटनगर महानगरपालिका रहेको छ । विराटनगरले ७८.११ अंक पाएर पहिलो स्थानमा छ । दोस्रो स्थानमा ललितपुर महानगरपालिका छ । जसले ७६.३३ प्रतिशत अंक पाएको छ । तेस्रो स्थानमा चितवनको भरतपुर छ । भरतपुरले ६८.०४ अंक पाएको छ ।

चौथो स्थानमा रहेको पोखराले ५८.०४ अंक पाएको छ । पाँचौं स्थानमा रहेको वीरगञ्ज महानगरले ५४ अंक पाएको छ । काठमाडौं छैटौं स्थानमा छ ।

## दैलेखमा ८० अर्ब ७० करोड घनमिटर ग्यास रहेको पुष्टि



बुटवल । दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास परिमाणमा खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ । चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको पाइएको हो ।

खानी तथा भूगर्भ विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार चिनियाँ टोलीको विस्तृत अध्ययनपछि यो तथ्याङ्क सार्वजनिक गरिएको हो । यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा सो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुनसक्ने अनुमान गरिएको थियो । थप परीक्षण र अन्तिम अध्ययनले पूर्वअनुमानभन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित गरेको उनले बताए ।

भण्डारण पुष्टि भए पनि यसको व्यावसायिक उत्पादन र उत्खनन् क्षमताको वास्तविक जानकारी भने 'वेल टेस्टिङ'पछि मात्र प्राप्त हुने विभागले जनाएको छ ।

प्रवक्ता खड्काले भने-"अहिले हामीले भण्डारणको आकार मात्र पत्ता लगाएका हौं । वेल टेस्टिङ नगरी कति ग्यास बाहिर निकाल्न सकिन्छ र कुन प्रविधि उपयुक्त हुन्छ भन्नेबारे परीक्षण नगरेसम्म अन्तिम टुङ्गो लाग्दैन ।"

» बाँकी ३ पेजमा




## सम्पादकीय

# मुलुक समृद्धिको मार्गचित्र

दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ। चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको छ। यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा सो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुनसक्ने अनुमान गरिएको थियो। चिनियाँ टोलीको विस्तृत अध्ययनपछि पूर्वअनुमानभन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित भएको छ।

अब यसको व्यावसायिक उत्पादनका लागि सरकार अग्रसर हुनुपर्छ। मुलुक ग्यास र पेट्रोलियम पदार्थमा परनिर्भर रहेको र अरु कुरामा पनि क्रमशः परनिर्भर बन्दै गएको बेला मुलुकलाई ग्यासमा आत्मनिर्भरताको बाटोमा यसले लैजाने छ। उत्खनन् क्षमताको वास्तविक जानकारी भने 'वेल टेस्टिङ'पछि मात्र प्राप्त हुने बताइएको छ। पूर्वप्रधानमन्त्री केपी ओलीको अग्ररतामा परिमाणको पहिचान सम्भव भयो। राजनैतिक नेतृत्वको इच्छाशक्ति हुने हो भने दुरगामी प्रभाव छाड्ने र महत्वपूर्ण काम अघि बढ्न सक्छन् भन्ने यो एउटा उदाहरण हो। ग्यासको संभाव्यता र प्रारम्भिक अध्ययन तथा विस्तृत अध्ययनका लागि चिनियाँ सरकारको सहयोग महत्वपूर्ण छ। छिमेक सम्बन्धको सेतु भनेको आपसी सहयोग महत्वपूर्ण हुन्छ। छिमेकीलाई सँगै हातोमालो गर्दै अघि बढ्न सघाउँदै हार्दिकता, सहयोग अभिवृद्धि र एकता संभव छ भन्ने चिनियाँ मान्यतालाई ग्यास अध्ययनमा गरेको सहयोगले पुष्टि गरेको छ। छिमेकी चीनले पञ्चायत कालमा मुलुकलाई आत्मनिर्भर बनाउन विभिन्न खालका उद्योग स्थापनामा सहयोग गरेको थियो। भृकुटी कागज कारखाना, लुम्बिनी चिनी कारखानालगायत आधा दर्जन दुरगामी महत्वका उद्योग स्थापना भए। कुनै बेला रोजगारी श्रृजनामा महत्वपूर्ण मानिएका यी उद्योगले मुलुकको अर्थतन्त्रमा महत्वपूर्ण टेवा पुऱ्याएका थिए।

दैलेखमा भण्डारको आकार पत्ता लाग्यो। अब व्यवसायिक उत्पादनका लागि योजनाबद्ध ढंगले लाग्नुपर्छ। राजनैतिक अस्थिरताको जाँतोमा यो आयोजना पिसिनु हुँदैन। कोदारी राजमार्ग बनाउँदा राजा महेन्द्रले खेप्नुपरेको अप्ठारो र केरूङ नाका खुलाउँदा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले झेल्नुपरेको झण्झट झैँ अहिले केपी ओलीले पनि झेलिरहेका छन्। भारतीय नाकाबन्दीको सामना गर्न लिएको अडान, संविधान निर्माणका बेला झेलेको अवरोध र लिपुलेकसहितको चुच्चे नक्शाका कारण भारतीय निशानामा ओली परेका छन्। राष्ट्रिय स्वाधीनताको लडाइमा अब्बल सावित हुँदा त्यसको फाइदा मुलुकले लिन्छ।

मुलुक भूराजनीतिको दुष्चक्रमा फस्दै गएको बेला दैलेखमा ग्यास उत्खनन् जति कठिन छ, सबल राजनैतिक नेतृत्वले नै हो, त्यो कठिनाइ सामना गरेर सार्थक बनाउने। राजनैतिक इच्छा शक्ति भएर मात्रै हुँदैन, त्यसलाई कार्यान्वयन गर्न भूराजनैतिक स्वार्थलाई मुलुक अनुकुल बनाउने र प्रतिकुल अवस्थामा सामना गर्न सक्ने नेतृत्व मुलुकले खोजेको छ। त्यसैले सबल राजनैतिक नेतृत्व चुन्ने अवसर फागुन २१ गते आएको छ। यो अवसरलाई परिणाममुखी बनाउने जिम्मा सचेत नेपाली नागरिकको हो।

# आसन्न निर्वाचनको माग, स्थिर सरकार निर्माण



**विष्णुहरि मरासिनी**

आगामी निर्वाचन विगतका निर्वाचनभन्दा निकै परिस्कृत, निष्पक्ष, भयरहित रूपमा सम्पन्न भई निर्वाचित जनप्रतिनिधिमार्फत् राज्यव्यवस्थामा सुधार गरी बदलिँदो जनअपेक्षा र गत भदौमा भएको जेनजी अन्दोलन र यसले उजागर गरेका विषयलाई सम्बोधन गरी नयाँ गन्तव्यको यात्रामा प्रवेश गर्न सक्ने नेतृत्वको छनोटमा सफल हुने विश्वास गरिएको छ।

लोकतन्त्रमा जनता नै मालिक हुन्। लोकतान्त्रिक शासन प्रणालीमा जनताले आफ्ना प्रतिनिधिमार्फत् राज्य प्रणालीमा नियन्त्रण कायम गरी राज्य तथा राज्यका पात्रहरू जनताप्रति उत्तरदायी हुनुपर्ने मान्यता राखिन्छ। नेपालमा वर्तमान संविधानले आवधिक निर्वाचनमार्फत् लोकतन्त्रलाई सबल बनाउने मार्गदर्शन गरेको तथा निर्वाचन कानुनलगायत क्षेत्रगत कानुन, मापदण्ड तथा आचारसंहिताले निर्वाचनलाई निष्पक्ष, स्वच्छ, भयरहित र पारदर्शी बनाउने व्यवस्था गरे पनि व्यवहारमा यस्तो व्यवस्था प्रभावकारी बन्न नसकिरहेको यथार्थ हामीसँग छ।

निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित बनाउनु लोकतन्त्रको पूर्वसर्त पनि हो। निर्वाचन प्रणालीको मुख्य लक्ष्य समावेशी र बहुदलीय लोकतान्त्रिक व्यवस्थालाई मजबुत पार्दै आगामी पाँच वर्षका लागि स्थिर सरकारमार्फत् राज्य सञ्चालन गरी जनताको सुख र समृद्धिको यात्रा सुनिश्चित गर्नु हो। नियमित निर्वाचन ०८४ मा हुने भए पनि गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलन र त्यसपछिका दिनमा उत्पन्न परिस्थितिका कारण निर्वाचन छिटो गर्नुपर्ने र राज्यको ठुलो स्रोत र साधनको व्यय हुने अवस्था आएको हो। त्यसैले, यस निर्वाचनमार्फत् राजयले गति लिन सक्नुपर्छ भन्ने सबैको अभीष्ट इच्छा र कामना रहेको छ।

**विगतको समीक्षा**

नेपालमा खासगरी ०४६ सालको परिवर्तनपश्चात् आमनिर्वाचनमार्फत् छनोट गरिएका प्रतिनिधिको पूर्ण कार्यकाल सम्पन्न भएको अवस्था एकाधबाहेक छैन। पटक-पटक सत्तारुढ दलले संसद् भंग गर्ने र मध्यावधि निर्वाचन घोषणा गर्ने कुपरम्परा रहँदै आयो। यही कुपरम्परामाथि अंकुश लगाउन २०७२ सालको नयाँ संविधानमार्फत् देशमा कम्तीमा पाँच वर्ष सरकार स्थिर रहोस् अर्थात् प्रधानमन्त्रीको निजी तजबिज र चाहनामा संसद् विघटन गर्ने प्रावधानलाई केही हदसम्म बन्देज गरी संसद्बाट सरकार बन्न सक्ने अवस्था रहेसम्म विभिन्न विकल्पको व्यवस्था गरी सोको प्रभावकारी कार्यान्वयनका लागि सर्वोच्च अदालतको संवैधानिक इजलासबाट समेत संसद् विघटनलाई असंवैधानिक मानी बदर गरेर स्पष्ट संवैधानिक व्याख्यासँगै मार्गनिर्देशन गरिसकेको अवस्था छ। जसका कारण विगतमा २०७४ मा भएको प्रतिनिधिसभाले पटक-पटक भएको संसद् विघटनका बाबजुद आफ्नो कार्यकाल सम्पन्न गरी २०७९ मा निर्वाचन सम्पन्न भयो। सो निर्वाचनपछिको संसद्को कार्यकाल २०८४ सम्म रहेको थियो। तर, गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलन र त्यसले उत्पन्न गरेको परिस्थितिलाई नयाँ चुनावमार्फत् गठन हुने नयाँ संसद् र सरकारबाट मात्र समस्याको समाधान निस्कने निष्कर्षसहित २१ फागुनमा निर्वाचनको मिति तय भएको छ। यतिखेर सोही घोषणाअनुसार तीव्र गतिमा निर्वाचनका कार्यक्रमहरू अघि बढिरहेको देखिन्छ। पटक-पटक निर्वाचन गर्दा राज्यको व्यय वृद्धि भई त्यसको प्रभाव जनतामाथि नै पर्ने देखिन्छ। यसमा सचेत जनताले गुण र दोषका आधारमा मतको प्रयोगमार्फत् स्थिर सरकार निर्माण हुने गरी मतदान गर्नु बुद्धिमत्तापूर्ण निर्णय हुने देखिन्छ।

**निष्पक्ष, स्वच्छ र पारदर्शी निर्वाचन**

अनेकन् आशंका र अलमलका बाबजुद सरकार र राजनीतिक दलबिचको संवाद र निर्वाचन आयोगको सक्रियताका कारण अब घोषित आगामी २१ फागुनमा निर्वाचन हुनेमा धेरै नकारात्मक हुनुपर्ने अवस्था देखिन्न। निर्वाचनमार्फत् आफ्ना प्रतिनिधि छान्ने र उनीहरूमार्फत् राज्य प्रणालीमा नियन्त्रण राख्ने हुनाले नै लोकतन्त्रमा जनता जनार्दन भनिएको हो। जेन-जी आन्दोलन, आन्दोलनका क्रममा लुटिएका हतियार, जेल ब्रेक गरी जेलबाहिर रहेका हजारौँ आपराधिक गतिविधिमा संलग्न व्यक्तिका साथै राज्य सत्ताविरुद्ध आन्दोलन गर्ने धम्की दिएका केही समूहका कारण दलका नेता, जनता र कुनै पनि राजनीतिक दलहरूले असुरक्षा महसुस गर्ने वातावरण अन्त्य गर्नुपर्छ। उच्चतम संवेदनशीलता अपनाई राज्यका सुरक्षा निकायको प्रभावकारी परिचालनमार्फत् भयरहित ढंगले निर्वाचनमा सहभागी हुने वातावरण मिलाउनु राज्यको कर्तव्य हो। मतदान स्थलको संवेदनशीलता र भयरहित वातावरणमा निर्वाचनमा भाग लिने, कसैको दबाब र डरका कारण उसैलाई मत दिनुपर्ने व्यवस्था अन्त्य गर्ने विश्वसनीय आधार भनेको भरपर्दो सुरक्षा व्यवस्थापन नै हो। यसका लागि सबै जिम्मेवार संयन्त्रले सहकार्य गरी अगाडि बढ्नुपर्छ। सरकारका तर्फबाट कुनै पनि बहानमा सुरक्षाको अवस्था कमजोर हुन नदिई सरोकारवालाले भयरहित वातावरणमा सहभागी हुने व्यवस्था मिलाउनुपर्छ।

निर्वाचन आयोगले निर्वाचन आचारसंहिता पालना गराउने हकमा सामान्य स्पष्टीकरण सोध्ने औपचारिकता मात्र पूरा नगरी आवश्यक परे आफूलाई प्राप्त संवैधानिक र कानुनी दायित्वभित्र रहेर दण्ड, सजाय र अन्य उपयुक्त कानुनी कारबाहीसमेत गर्ने हिम्मत गर्नुपर्छ। यति हुन सकेको खण्डमा आसन्न निर्वाचनप्रति जनआकर्षण बढ्ने मात्र नभई निर्वाचनको वैधतामा समेत प्रश्न उठ्न सक्दैन। राजनीतिक दलले आफ्ना एजेन्डामार्फत् जनताको मन जित्ने र मत प्राप्त गर्नेतर्फ ध्यान केन्द्रित गर्नुपर्छ। अन्य दलप्रति वितृष्णा फैलाएर र गालीगलोज गरेर होइन, उच्च राजनीतिक संस्कारसहित प्रतिस्पर्धामा उत्रने र जनताको मतलाई उच्च सम्मान गर्ने इमानदारी दल र तिनका नेतामा हुनुपर्छ। साथै, तिनले आफूमा भएको कमजोरी सुधार्ने प्रतिबद्धतासहित निर्वाचनमा सहभागिता जनाउनुपर्छ। कुनै प्रभाव या दबाबका आडमा होइन, दल र तिनका उम्मेदवार एजेन्डामार्फत् निर्वाचनमा जानुपर्छ।

**बदलिँदो जनअपेक्षा : स्थिर सरकारको निर्माण**

कम्तीमा आगामी पाँच वर्षका लागि आफूले छनोट गरेका प्रतिनिधि सरकार सञ्चालनमा सक्षम होऊन्, तिनले जनताका समस्यालाई सदनमा पुऱ्याउन सकून्। निर्वाचनपछि निर्माण हुने सरकारले आफ्नो पूर्ण कार्यकाल पूरा गरोस् भन्ने आममतदाताले अपेक्षा गरेका छन्। पटक-पटकको निर्वाचन हाम्रो जस्तो राज्यले थेग्न सक्दैन। तसर्थ, जनताले पनि मतदान गर्नुपूर्व राम्रोसँग विचार गरेर, गुण र दोषका आधारमा दल र तिनका उम्मेदवारको क्षमता परख गरेर मतदान गर्नुपर्छ। एक कार्यकाल पूरा गरी सोही रिपोर्ट कार्डका आधारमा अर्कोपल्ट मत माग्न जाने र जनअपेक्षाअनुसार काम गर्न नसके जनताले आफ्नो मतद्वारा प्रतिनिधित्व गर्ने व्यक्तिलाई मूल्यांकन गर्ने नागरिकको अधिकार मात्र नभई कर्तव्य पनि हो। आजको सूचना र प्रविधिको युगमा जनता आफैँ निकै सचेत भइसकेका छन्। झुटा आश्वासन र उधारा प्रतिबद्धताले जनतालाई केही समय या एकपटक झुक्याउन सकिएला। राजनीतिको मैदानमा लामो समय अडिने सोच बोकेका उम्मेदवारले सम्बन्धित क्षेत्रका जनप्रतिनिधिका रूपमा आफूले कसरी प्रभावकारी भूमिका निर्वाह गर्ने हो भन्नेतर्फ विशेष सचेत हुनुपर्छ। विकास निर्माण, धारा, बत्ती, सडकका समस्या स्थानीय निर्वाचनमा बढी सान्दर्भिक होलान्। शिक्षा, स्वास्थ्य, रोजगारीमा के-कस्ता नीति र ऐन-कानुन निर्माण गर्नुपर्छ, राज्यलाई समृद्धिका लागि के-कस्तो विधायिकाको प्रबन्ध हुनुपर्छ जस्ता विषयमा नागरिकको चासो गहन रूपले अगाडि बढेको अवस्था छ। तसर्थ, राजनीतिक दल र तिनका उम्मेदवार आ-आफ्ना स्पष्ट एजेन्डा र घोषणापत्रमार्फत् मत माग्ने कार्यमा केन्द्रित रही विनामोलाहिजा, मितव्ययी रूपमा निर्वाचन सम्पन्न गर्न दत्तचित्त भई लागिपर्नुपर्छ।

**अन्त्यमा**

देशमा व्याप्त भ्रष्टाचार, बेरोजगारी, सार्वजनिक सेवा प्रवाहमा ढिलासुस्ती र जनतालाई खालि भोटब्यांकका लागि प्रयोग गर्ने प्रवृत्तिलाई अन्त्य गर्ने र सोही प्रतिबद्धताअनुसार काम गर्ने दललाई भोट गर्ने र आफ्नो मताधिकार प्रयोग गर्दा राज्यलाई गतिशील बनाई सबैको सहभागितामा विनाभेदभाव शिक्षा र स्वास्थ्य सेवा तथा रोजगारीको अवसर सिर्जना गरी वैदेशिक रोजगारीमा रहेका लाखौँ युवालाई देशभित्रै फिर्ता गरी उनीहरूलाई प्राप्त सीप र ज्ञानलाई प्रोत्साहन गरी स्पष्ट भिजनरी नेतृत्वको छनोटका लागि निर्वाचनमा भाग लिनु सबैको साझा कर्तव्य पनि हो। आगामी निर्वाचन विगतका निर्वाचनभन्दा निकै परिस्कृत, निष्पक्ष, भयरहित रूपमा सम्पन्न भई निर्वाचित जनप्रतिनिधिमार्फत् राज्यव्यवस्थामा सुधार गरी बदलिँदो जनअपेक्षा र गत भदौमा भएको जेनजी अन्दोलन र यसले उजागर गरेका विषयलाई सम्बोधन गरी नयाँ गन्तव्यको यात्रामा प्रवेश गर्न सक्ने नेतृत्वको छनोटमा सफल हुने विश्वास गरिएको छ।

नयाँ पत्रिकाबाट

# कस्तो बनाउने हाम्रो स्वास्थ्य प्रणाली ? : रूस, नेपाल, क्यानाडा र अमेरिकाको अनुभव

**डा. उमेशप्रसाद भट्टराई**



जेनजी विद्रोहपछि देश चुनावमय बनेको छ। जनता फेरि पनि आशा र भरोसाका साथ निर्वाचनमा सहभागी हुँदैछन्। भौतिक विकास जति आवश्यक छ, त्यत्तिकै स्वास्थ्य र शिक्षा प्रणालीको सुधार र विकास पनि अनिवार्य छ। तर स्वास्थ्य प्रणाली कस्तो हुनुपर्छ र कसरी सुधार गर्न सकिन्छ भन्ने विषयमा अपेक्षाकृत कम बहस हुने गरेको देखिन्छ। आउनुहोस्, विभिन्न देशका अनुभवसँगै नेपालको स्वास्थ्य प्रणालीबारे चर्चा गरौँ।

म अध्ययनका लागि रूस जाँदै गर्दा नेपालमा "रूसको एमबीबीएस" लाई उच्च मूल्यांकन गरिँदैनथ्यो। तर भाग्यले जुरेपछि कसले रोक्न सक्छ र ? सन् २००८ तिर, अरू पाँच जना साथीहरूसहित अनेक जिज्ञासा बोकेर म रूस पुगेँ। त्यहाँ अध्ययन गर्दै जाँदा मुटु प्रत्यारोपण, जटिल शल्यक्रिया, क्यान्सर उपचार, न्युरोसर्जरीलगायत धेरै क्षेत्रमा रूस अग्रस्थानमा रहेको थाहा पाएँ। त्यतिबेलै मैले नेपालमा सुनिने सबै कुरा सहजै विश्वास गर्न नहुने पाठ सिकेँ।

अब स्वास्थ्य प्रणालीको कुरा गरौँः

**रूसको अनुभव**

रूसमा सबै नागरिकका लागि अनिवार्य स्वास्थ्य बिमा (Compulsory Medical Insurance) हुन्छ। यही बीमामार्फत सरकारी अस्पतालमा अधिकांश उपचार निःशुल्क हुन्छ। नागरिकले तिरेको कर स्वास्थ्यमा लगानी गरिएकाले यो सम्भव भएको हो। जटिल रोग लागेमा कहाँ लैजाने र कसरी उपचार गर्ने भन्ने चिन्ता नागरिकले लिनु पर्दैन। शिक्षा निःशुल्क छँदैछ, स्वास्थ्य पनि लगभग निःशुल्क हुँदा सामान्य आम्दानीमै जीवनयापन सहज हुन्छ।

रूसले वार्षिक बजेटको करिब ८-१० प्रतिशत स्वास्थ्य क्षेत्रमा खर्च गर्छ। प्रत्येक १००० नागरिकका लागि करिब ४-५ जना डाक्टर कार्यरत छन्, जुन उच्च मानिन्छ। आपतकालीन एम्बुलेन्स सेवाका लागि मोबाइलबाट ०३ वा ल्याण्डलाइनबाट १०३ डायल गर्दा औसत १५-२० मिनेटमा सेवा पुग्छ। ९० प्रतिशतभन्दा बढी अस्पताल सरकारी छन्, र धेरैजसो अवस्थामा सरकारी अस्पताल नै सेवा र सुविधामा निजीभन्दा राम्रो देखिन्छ। बिरामी अभिलेख धेरैजसो विद्युतीय प्रणालीमा भए पनि पूर्ण रूपमा डिजिटल प्रणाली लागू भइसकेको छैन, हाम्रो जस्तै हस्तलिखित रेकर्ड पनि भेटिन्छन्।

**क्यानाडाको अनुभव**

स्वास्थ्य सेवा एउटा निरन्तर विकासमान क्षेत्र हो। यसलाई अझ प्रभावकारी र वैज्ञानिक कसरी बनाउने भन्ने विषयमा निरन्तर अनुसन्धान भइरहेका हुन्छन्। सरकारले यसमा ठूलो लगानी गर्छ।

क्यानाडाको सबैभन्दा ठूलो अनुसन्धान संस्थान (UHN) मा अनुसन्धानकर्ता भएर काम गर्दा विकसित देशहरूले स्वास्थ्यलाई कति प्राथमिकता दिन्छन् भन्ने प्रत्यक्ष देख्न पाइयो। उनीहरू २५-५० वर्षपछि देखिन सक्ने समस्यासमेत अध्ययन गर्छन्। उपचारभन्दा गुणस्तर, र उपचारभन्दा पनि रोग रोकथामलाई किन र कत्तिको महत्व दिइन्छ भन्ने कुरा त्यहाँ बुझ्न पाइयो।

टोरोन्टोको अग्लो भवनको निलो सिसाबाट बाहिर हेर्दै म बेला-बेला नेपाल सम्झिन्थेँ, हामीलाई त स्वास्थ्यको आधारभूत संरचना नै मजबुत बनाउन बाँकी छ, सुधार गर्न सकिने ठाउँहरू असंख्य छन्।

**अमेरिकाको अनुभव**

जिन्दगीको यात्राले अमेरिकासम्म ल्याएपछि यहाँको स्वास्थ्य प्रणालीलाई नजिकबाट नियाल्ने अवसर मिल्यो। धेरै कुरामा यो क्यानाडासँग मिल्दोजुल्दो भए पनि केही महत्वपूर्ण फरक छन्।

अमेरिकामा अधिकांश नागरिकको स्वास्थ्य बीमा रोजगारदातामार्फत् हुन्छ। बिमाले धेरै खर्च बेहोर्छ, तर क्यानाडाजस्तो पूर्ण रूपमा होइन–केही रकम बिरामीले आफैं तिर्नुपर्छ। उच्च आम्दानी भएका व्यक्तिलाई समस्या कम भए पनि धेरै नागरिकलाई खर्चको चिन्ता रहिरहन्छ।

सरकारले ःedicare मार्फत् ६५ वर्षभन्दा माथिका र केही रोगीको उपचार खर्च बेहोर्छ भने ःedicaid मार्फत् न्यून आम्दानी भएका नागरिक र गर्भवती महिलालाई सहयोग गर्छ। त्यसैले बीमा नभए उपचारै नपाउने अवस्था सामान्यतया हुँदैन। आपतकालीन अवस्थामा बिमा भए-नभए पनि अस्पतालले उपचार गर्नैपर्छ; तर खर्चको बिल पछि बिरामीको ठेगानामा पठाइन्छ।

पैसा तिर्न सक्ने व्यक्तिले अमेरिकामा क्यानाडाभन्दा छिटो सेवा पाउँछन्, त्यसैले केही क्यानाडेली नागरिक उपचारका लागि अमेरिका जाने गर्छन्। अमेरिकामा प्रत्येक १००० नागरिकमा करिब २.६ डाक्टर छन् र करिब ८० प्रतिशत अस्पताल निजी छन् (तर धेरै नाफामुखी होइनन्)। स्वास्थ्य क्षेत्रमा कुल खर्च जीडीपीको करिब १७-१८ प्रतिशत पुग्छ।

**नेपालको अवस्था**

स्वास्थ्य प्रणालीबारे विस्तृत लेख्दा किताबै बन्न सक्छ। तर अहिले चुनावी माहोल हुँदा पनि स्वास्थ्यबारे पर्याप्त बहस नहुनु चिन्ताजनक छ।

नेपालमा १००० नागरिकमा एक जना डाक्टरसमेत छैन। बजेटको करिब ५ प्रतिशत मात्रै स्वास्थ्यमा छुट्याइन्छ। सेवाको गुणस्तर कसरी नियमन गर्ने भन्ने स्पष्टता छैन। धेरै नियुक्ति अझै पनि क्षमता भन्दा राजनीतिक भागबण्डामा आधारित हुन्छन्। स्वास्थ्य बीमाको प्रक्रिया धेरैलाई सुविधाभन्दा झन्झटजस्तो लाग्छ। अनुसन्धान न्यून छ, स्वास्थ्यकर्मी र बिरामीबिच विश्वासको संकट छ।

कम सेवा-सुविधा, असुरक्षा र अवसर अभावका कारण धेरै डाक्टर-नर्स विदेशिन बाध्य छन्। स्वास्थ्यकर्मीको मनोबल घटिरहेको छ। प्रश्न यही हो–यो सबै सुधार्ने कसले, कसरी र कहिले ?

यो विषयमा व्यापक बहस होस् भन्ने अपेक्षासहित आफ्ना अनुभव र धारणा राख्दै छु।

(स्वास्थ्य सेवा र प्रणाली सम्बन्धी शोधकर्ता )

# रूपन्देही उद्योग संघमा फर्निचर वस्तुगत समिति गठन




बुटवल । रुपन्देही उद्योग संघमा आबद्ध फर्निचर उद्योगीहरुको भेलाले बिहीबार फर्निचर वस्तुगत समिति गठन गरेको छ ।

संघमा आबद्ध विभिन्न वस्तुगत उद्योगीहरुको भेलाबाट छुट्टाछुट्टै वस्तुगत समिति गठन गर्ने वार्षिक कार्ययोजना बमोजिम फर्निचर वस्तुगत समिति गठन गरिएको हो । संघका प्रथम उपध्यक्ष एवम् कार्यक्रम संयोजक हरिबहादुर खत्रीको अध्यक्षतामा आयोजित भेलामा संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीको प्रमुख आतिथ्यता रहेको थियो । भेलालाई सम्बोधन गर्दै संघका अध्यक्ष पराजुलीले विभिन्न प्रकृतिका उद्योगहरुका समस्यालाई एकीकृत गर्ने र समस्या समाधानका लागि संघबाट पहल गर्न सहज हुने हुँदा संघमा आबद्ध उद्योगीहरुको प्रकृति अनुसार छुट्टाछुट्टै भेलाको आयोजना गरी आ–आफ्ना क्षेत्रका अनुभव र समस्याहरुलाई संघसम्म ल्याई पुऱ्याउन विगत लामो समयदेखि वस्तुगत समिति गठन गर्ने कार्यक्रम जारी रहेको बताए । उनले संघका गतिविधिहरुलाई सफल बनाउन वस्तुगत समितिहरुको क्रियाशिलता र जिम्मेवारी अत्यन्तै ठूलो रहेको समेत जनाए ।

फर्निचर उद्योगीहरुको भेलाले के एण्ड के फर्निचरका काशिराम पोखरेलको संयोजकत्वमा ७ सदस्यीय फर्निचर वस्तुगत समिति गठन गरेको छ । गठित समितिको सहसंयोजकमा गणेश फर्निचरका अग्नी अग्रहरि, सचिवमा प्रतिक फर्निचरका मनोज आचार्य, सदस्यहरुमा चौधरी फर्निचरका पृथ्वीराम चौधरी, कुमारी फर्निचर उद्योगका पिताम्बर राना, सुपा देउराली फर्निचरका देवेन्द्र शर्मा, शिवशक्ति फर्निचरका बृजमान चौधरी रहेका छन् । भेलाले समितिको सल्लाहकारहरुमा संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्ले, प्रथम उपाध्यक्ष हरिबहादुर खत्री, सचिव अशोक कुँवर, संघका सल्लाहकार सुरेन्द्र ज्ञवाली कार्यसमिति सदस्य तेजप्रसाद पराजुली र नमस्ते फर्निचरका नेत्र रुचाललाई चयन गरेको छ ।

भेलामा प्रतिबद्धता मन्तव्य राख्दै काशिराम पोखरेलले आफूलाई विश्वास गरी संयोजकको जिम्मेवारी दिएकोमा रुपन्देही उद्योग संघ तथा काशिराम पोखरेल फर्निचर उद्योगीहरुप्रति आभार व्यक्त गर्दै फर्निचर उद्योग सञ्चालनमा आएका कठिनाइहरुलाई समाधानका लागि सम्बन्धित निकायमा पहलका लागि रुपन्देही उद्योग संघ मार्फत क्रियाशिल रहने भनाइ व्यक्त गरेका थिए । संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेले धन्यवाद ज्ञापन गरेका थिए । सचिव अशोक कुँवरको सञ्चालनमा सम्पन्न भेलामा संघका प्रथम उपाध्यक्ष हरिबहादुर खत्रीले शुभकामन मन्तव्य दिएका थिए । संयोजक काशिराम पोखरेल स्वागत गर्दै कार्यक्रमको उद्देश्यका बारेमा प्रकाश पारेका थिए । भेलामा संघका कोषाध्यक्ष विशाल बेलबासे, कार्य समिति सदस्य सतिष सापकोटा एवम् फर्निचर उद्योगीहरुको उपस्थिति रहेको थियो ।

---

**साँच्चै...**

कार्यक्रममा पूर्व गृहमन्त्री तथा नेपाली काँग्रेसका पूर्व केन्द्रीय सदस्य बालकृष्ण खाँणले आगामी फागुन २१ गते हुने निर्वाचनमा काँग्रेसको बहुमत आउन जरूरी रहेको र त्यसका लागि काँग्रेसका सबै नेता-कार्यकर्ता एकताबद्ध भएर पार्टीका उम्मेदवारलाई जिताउन लाग्नुपर्ने आग्रह गरे ।

काँग्रेस नेतृत्वको सरकारले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बनाएको र काँग्रेस नेतृत्वले नै यसको सञ्चालन गर्ने उनको भनाइ थियो ।

कार्यक्रममा रूपन्देहीका ५ वटै क्षेत्रका उम्मेदवारहरू क्रमशः हिरा केसी, चुन्नप्रसाद शर्मा पौडेल, सुशील गुरूङ, आशुतोष मिश्र र भरतकुमार शाहले आफ्नो क्षेत्रको चुनावी अवस्थाबारेमा उप-सभापतिलाई जानकारी गराएका थिए ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य तथा लुम्बिनी प्रदेशसभा सदस्य अब्दुल रज्जाक, काँग्रेस लुम्बिनी प्रदेश निर्वाचन परिचालन समिति संयोजक राजु खनालले काँग्रेस नेतृत्वको सरकार बने मात्र जेनजी पुस्ताले उठाएको माग सम्बोधन गर्न सकिने र संविधानको रक्षा हुने बताएका थिए ।

**दैलेखमा...**

उनका अनुसार अबको चरणमा 'ड्रिल' गरिएको स्थानमा अन्य उपकरण प्रयोग गरी चट्टान फुटाउने वा प्राकृतिक ग्यासलाई विस्थापित गर्ने प्रक्रिया अपनाइनेछ । त्यसपछि निस्कने ग्यासमा भएका तत्वको प्रयोगशाला परीक्षण गरिनेछ र मात्र व्यावसायिक उत्पादनको प्रक्रिया अघि बढ्ने उनले जानकारी दिए ।

नेपाल सरकार र चीनको जियोलोजिकल सर्वेबिच दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो । सोहीअनुसार चिनियाँ टोलीलेः सेस्मिक सर्वे, जियोलोजिकल सर्वे, म्याग्नेटोटेल्युरिक सर्वे र जियोकेमिकल सर्वे सम्पन्न गरिसकेको विभागका प्रवक्ता खड्काले जानकारी दिए ।

उनका अनुसार हाल प्राप्त अन्तिम प्रतिवेदन माथि विभागले थप अध्ययन गरिरहेको छ भने बाँकी कामका लागि अनुदान सहयोग गरिदिन नेपाल सरकारले चीन सरकारलाई आग्रह गरेको छ । विज्ञहरूका अनुसार दैलेखमा फेला परेको ग्यास अमेरिकामा उत्खनन् गरिने 'शेल वा टाइट ग्यास' प्रकृतिको छ । यस्तो ग्यास चट्टानका पत्रमा च्यापिएर रहने भएकाले यसलाई निकाल्न निकै कठिन हुन्छ ।

व्यावसायिक प्रयोजनका लागि निकाल्न चट्टान फोडेर ग्यास निकाल्नुपर्ने चुनौती छ । दैलेखमा परापूर्वकालदेखि ज्वाला बल्दै आएका श्रीस्थान, नाभीस्थान, पादुका र तल्लो डुङ्गेश्वर क्षेत्रलाई आधार मानेर २०७६ असोजदेखि अन्वेषण सुरु गरिएको थियो । फागुन २१ हुन लागेको निर्वाचनमा पनि दैलेखका राजनीतिक दलले यो ग्यास उत्खननलाई आफ्नो मुख्य चुनावी एजेण्डा बनाएका छन् ।

---

## Madhyabindu Municipality
### Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi(East of BardghatSusta)
Gandaki Province, Nepal

## Invitation for Bid

First Date of publication: 01/11/2082 (13/02/2026)

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost ofGoods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Educational services.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified in bid document and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 22/SQ/MB/ GOODS/ 2082/83 | Procurement of Printing,Lamination, binding and delivery of Books at madhyabindu Municipality | Sealed Quotation-GOODS | 1000/- | 35,000 | 45 days/ 75 days after bid opening | 2026-03-01 12.00 | 2026-03-01 14.00 |

Chief Administrative Officer

---

## Bhumikasthan Municipality
### Office of the Municipal Executive
Nuwakot, Arghakhanchi

## Invitation for Bids

Second Notice Publication Date: 02-13-2026 (2082-11-01 B.S.)

1. The Bhumikasthan Municipality inviteselectronic bids for sealed quotations for the following works under National Competitive Bidding-Single Envelope Bidding procedures
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp.
3. Bidder who chooses to submit their bid electronically can download the bidding documents for e-submission from PPMO's e-GP system www. bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically should deposit the cost of NRs.1000/- as bidding document fee in the account as specified below:
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
   Office Code no: 801055101
   Office Account no: 2587086986800138
   Rajaswa (revenue) Shirshak no: 14249
4. Bid Security must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format which shall be valid for 30 days beyond the validity period of the bid.
   **Information to deposit the BID Security Amount in Bank:**
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
   Office Code no: 801055101
   Office Account no: 2587086986800048
   Account Name :Dharouti Account.
5. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, ArghakhanchiLumbini Province, Nepal at 22ndFebruary, 2026 13:00 hours.
6. Electronic bids must be submitted to the office Bhumikasthan Municipality, Arghakhanchi, Lumbini Province, Nepal through PPMO website www. bolpatra.gov.np/egp on or before 28thFebruary, 2026 12:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 28thFebruary, 2026 13:00 at the office of Bhumikasthan Municipality, Arghakhanchi.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Inclusive VAT and Contingencies) | Bid Security Amount In NRs |
|---|---|---|---|---|
| 15/BMA/G/LM/2082/083 | Procurement and Supply of Livestock Medicine | NRs. 1000.00 (Not Refundable) | | 12500 |
| 16/BMA/W/ STP/082/83 | GairatoleDanda to Ward Office Steps Construction Works. | NRs. 1000.00 (Not Refundable) | 999885.78 | 25000 |
| 17/BMA/W/ CG/2082/083 | Baal Udhyan Construction | NRs. 1000.00 (Not Refundable) | 999538.16 | 25000 |
| 18/BMA/W/ RM/2082/083 | GhumtiBaidadaSatighatAdhuroMotorable Road Construction | NRs. 1000.00 (Not Refundable) | 999981.19 | 25000 |
| 19/BMA/W/ CB/2082/083 | SamuddyikHealthpost Unit Truss Building Construction Works. | NRs. 1000.00 (Not Refundable) | 1000406.96 | 25000 |
| 20/BMA/W/ IR/2082/083 | Sana SinchaiPrabardhan, Ward 1, 2 | NRs. 1000.00 (Not Refundable) | 1626833.49 | 41000 |

8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

---

## सियारी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

## क्यटलग सपिङ विधिबाट सवारी साधन खरिद गर्ने सम्बन्धी सूचना ।।।

(प्रथम पटक प्रकाशित मितिः २०८२/११/०१)

यस सियारी गाउँपालिकालाई आवश्यक Farm Tractor उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त उत्पादन कम्पनी वा अधिकृत/आधिकारिक विक्रेताहरूले कम्पनी फर्म दर्ता, भ्याट दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, Letter of Authorization र आ।व। २०८१/८२ को आयकर चुक्ता प्रमाणपत्र लगायतका कागजातहरूको प्रमाणित प्रतिलिपिहरू समावेश गरी सवारी साधनको उत्पादनको आधिकारिक स्पेसिफिकेशन, मूल्य र सुविधा सहितको गुणस्तर विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र यस कार्यालयको कार्यालय समयमा निवेदन दर्ता गर्नुहुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ख) बमोजिम सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताहरूको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । विस्तृत स्पेसिफिकेशन यस गाउँपालिकाको वेबसाइट www.siyarimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| S.N. | Type of Equipment | Required Quantity | Requirement (General Specification) |
|---|---|---|---|
| 1 | Farm Tractor | 1 (one) | As per Attached Specification in Website |

प्रमुख प्रशासकीय अधिकृत


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फ्ल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**माथिल्लो मुस्ताङमा मत माग्दै उम्मेदवार:**
नेपाल-चीन सिमानासँग जोडिएको माथिल्लो मुस्ताङमा स्थानीयसँग घरदैलो अभियानका क्रममा मत माग्दै उज्यालो नेपाल पार्टीका उम्मेदवार डा. सुरेन्द्र शेरचन । हिउँदयामको जाडो छल्न माथिल्लो मुस्ताङका अधिकांश नागरिक बेसी झरेका छन् । तस्विर : सुन्दरकुमार थकाली/रासस

# दीप बोर्डिङ्मा १३औँ दीप गायनतारा हुँदै




बुटवल । बुटवलस्थित दीप बोर्डिङ् स्कुलले आफ्नो ४५औँ स्थापना दिवस तथा वार्षिकोत्सवको अवसरमा विविध कार्यक्रमसहित मनाउने भएको छ । विद्यालयले बिहीबार पत्रकार सम्मेलनमार्फत् पहिलो चरणअन्तर्गत खेलकुद गतिविधि पुस २८ देखि माघ ४ गतेसम्म सम्पन्न गरिसकेको जनाएको छ । विद्यालयको पहिचान बनाएको गायन प्रतिभा प्रष्फुटन गर्ने दीप गायन ताराको १३औं संस्करण शुक्रबारदेखि सुरु हुने भएको छ । प्रतियोगिता संयोजक कृष्ण भुषालका अनुसार पहिलो चरणको प्रतिस्पर्धाबाट उत्कृष्ट १५ जना दोस्रो चरणका लागि छनोट हुनेछन् । विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा, सिर्जनशीलता र आत्मविश्वास विकास गर्ने उद्देश्यले कक्षागत बालप्रतिभा प्रदर्शन कार्यक्रम हाल सञ्चालनमा रहेको विद्यालयले जनाएको छ ।

प्रतियोगितामा जिल्लाका ४५ विद्यालयका विद्यार्थीहरूले सहभागिता जनाउने छन् । प्रतियोगितालाई निष्पक्ष बनाउन आयोजक विद्यालयले भने भाग लिने छैन । उपाधि विजेताले नगद ५० हजार, उपविजेताले ३० हजार रुपैयाँ, तृतीयले २० हजार रुपैयाँ रसान्त्वना हुने २ जनाले जनही ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्ने प्राचार्य टिकाराम न्यौपानेले बताए । अहिलेसम्म अस्मिता चापागाईं, प्रिया भण्डारी, अफ्सर अली, जुना गुरूङ्ग, नबिन परियार, दिप्सन श्रेष्ठ, वर्षा परियार, सक्सेस पाण्डे, कुशल आचार्य, विवेक पंगेनी, रिदिमा सिजाली र विशेष भुर्तेल गरी १२ जना दीप गायन तारा बन्न सफल भएका छन् ।

वार्षिकोत्सवको अवसरमा विद्यालयका उत्कृष्ट शिक्षक, कर्मचारी तथा विद्यार्थीहरूलाई सम्मानसमेत गरिने विद्यालय व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्रप्रसाद ध्वजुले बताए । वार्षिकोत्सवलाई उपलब्धिहरू सुनाउने र एकआपसमा शुभकामना आदानप्रदान गर्ने रूपमा मनाउने उनले बताए । कार्यक्रममा उप-प्राचार्य कलाधार आचार्यले शैक्षिक नतिजा र गुणस्तरसँगै अतिरिक्त क्रियाकलापमा पनि दीप बोर्डिङ् उत्कृष्ट रहेको बताए । साविकको एसएलसी र हालको एसईई परीक्षा तथा कक्षा १२ को नतिजामा विद्यालय देशभरकै विद्यालयमा उत्कृष्ट स्थानमा पर्ने अर्यालले बताए ।

# व्यवस्थापकले प्रतिवेदन तयार नगर्दा साधारणसभा हुन सकेन

परासी । पश्चिम नवलपरासी रामग्राम नगरपालिका वडा नं. १५ सुक्रौलीमा रहेको साना किसान कृषि सहकारी संस्था लि.को किचलो बाहिर आएको छ ।

संस्थाको व्यवस्थापकको कारणले समयमै वार्षिक साधारणसभा हुन नसकेको सञ्चालकहरुले बताएका छन् । उनीहरुको अनुसार सञ्चालक समितिले वार्षिक साधारणसभा निर्णय गरेको, तर संस्थाकी व्यवस्थापक पुनम यादवले वार्षिक प्रतिवेदन तयार नगरी अटेरी गरेको अरोप लगाएका छन् ।

सञ्चालक समितिको अध्यक्ष मीरा चौधरीका अनुसार पुस १४ गते साधारणसभा गर्ने निर्णयसहित मंसिर ८ गते निर्णय गरिएको बताइन् । तर साधारणसभा गर्नको लागि प्रतिवेदन तयार नभएकोले पुन सञ्चालक समितिको बैठक बसी पुस २४ गते गर्ने निर्णय गरेको थियो ।

पुस २४ गते साधराण सभा गर्न नसकिएकोले पुष २५ गते रामग्राम नगरपालिकालाई साधारणसभाको म्याद थपको लागि निवेदन दिएको अध्यक्ष चौधरी बताइन् । त्यसैगरी माघ ७ गते भूमि सुधार थारु नेतृत्वमा व्यवस्थापक, केही सञ्चालक समिति र सल्लाहकारको टोलीले सहकारीमा तालाबन्दी गरेका थिए ।

सोही टोलीले माघ १३ गते आफैं लगाएको ताला खोलेको र सहकारी संस्थामा रहेको कुर्सी टेबुल आवश्यक कागजतपत्रहरु लथालिङ्ग फालिएको संस्थाकी अध्यक्ष चौधरीले जानकारी दिइन् । रामग्राम नगरपालिकाले संस्थाको चुनाव गर्न पत्र काटि निर्देशन दिएको छ ।

तर रामग्राम नगरपालिकाको २०६६ विनियम अनुसार ३ वर्षे मात्र कार्य तोकेको ऐनमा रहेको छ । साना किसान कृषि सहकारी संस्थाले चुनाव २०६६ विनियम अनुसार निर्वाचनबाट २०७९ मा पदाधिकारी निर्वाचित भएका हुन् ।

उक्त नगरपालिकाले २०७५ सालमा सहकारी ऐन बनाएको थियो, तर नगरपालिकाले बनाएको ऐन चार वर्ष पदअवधि रहेको छ । उक्त सहकारीले नगरपालिको २०७५ ऐन टेकेर २०७९ मा निर्वाचित भएका पदाअधिकारीले चार वर्षको कार्यविधि बनाएका थिए । उक्त सहकारीमा एक हजार ७० शेयर सदस्य रहेका छन् ।

# अदालतले न्याय दिने विश्वास छ : लामिछाने

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले आफूमाथि लागेका आरोपमा अदालतले न्याय दिने विश्वास व्यक्त गरेका छन् । बिहीबार जिल्ला अदालत कास्की पोखरामा तारिख बुझ्न उपस्थित भएका लामिछानेले सञ्चारकर्मीसँग कुरा गर्दै अहिले तारिख बुझ्न आफू विभिन्न अदालतमा जानुपरेको भन्दै अदालतले आफूमाथि न्याय गर्ने विश्वास व्यक्त गरे ।

सबैले न्याय पाउने अदालतबाटै भएकाले कानुनी र अदालती प्रक्रियालाई आफूले सदैव सम्मान गर्ने उनले बताए ।

उनले मुद्दा दायर भएका अदालतमा तारिख बुझ्न आफैं उपस्थित हुनुपर्ने भएकाले आफूले त्यहीअनुसार तालिका बनाएर समय व्यवस्थापन गरिरहेको धारणा राखे ।

सभापति लामिछानेले आफूहरू कानुनी राज्य स्थापित गर्न हिंडेकाले कानुनी प्रक्रियालाई राम्रोसँग बहन गर्ने उल्लेख गरे ।

# निकोलससँग दोस्रोपटक स्पष्टीकरण

बुटवल । नेपाल जनसेवा पार्टीका उम्मेदवारहरूले निर्वाचन आयोगमा दर्ता भएको भन्दा फरक चुनाव चिह्न प्रयोग गरेर चुनाव प्रचार गरेको भन्दै निर्वाचन आयोगले स्पष्टीकरण सोधेको छ ।

जनसेवा पार्टीको चुनाव चिह्न सेतो र कालो रंगको जुत्ता हो । तर जेनजी आन्दोलनको 'आइकन' बनेको रक्ताम्य जुत्ताको प्रयोग गरेर चुनाव प्रचार गरेपछि आयोगको स्पष्टीकरण सोधेको हो ।

रूपन्देही क्षेत्र नम्बर २ का उम्मेदवार निकोलस भूसालले गलत चुनाव चिन्ह् प्रयोग गरेको भन्दै आयोगमा उजुरी परेको थियो । त्यसपछि उनीमाथि स्पष्टीकरण सोधेको हो ।'आयोगमा दर्ता भएको भन्दा फरक चुनाव चिह्नको प्रयोग गरेर प्रचार गरेपछि दुई पटक स्पष्टीकरण सोधेको छ । पहिलो पटक सोधेको स्पष्टीकरणको चित्तबुझ्दो जवाफ नआएपछि दोस्रो पटक स्पष्टीकरण सोधेका छौं ।'- आयोगका एक अधिकारीले भने ।

पहिलो स्पष्टीकरणको जवाफमा भूसालले जेनजी आन्दोलनको प्रतिक बनेकाले सहमतिमा नै जुत्ताको प्रयोग गरेको भनेका छन् । 'रक्ताम्य जुत्ता वास्तविक तस्वीर हो । जुन मानिसको भावनासँग जोडिएको छ । यसरी प्रयोग गर्न मिल्दैन,' आयोगका ती अधिकारीले भने-'दोस्रो स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नआएमा आयोगले कारबाही गर्छ ।'

आयोगले रक्ताम्य जुत्ताको फोटोलाई चुनाव चिह्न राखेर प्रचार प्रसार गर्नमा रोक लगाउन सक्ने छ ।

जेनजी आन्दोलनको घाइते प्रकाश बोहराले उम्मेदवारहरूले गलत ढंगले जेनजी आन्दोलनको प्रतिक बनेको जुत्ताको फोटो प्रयोग गरेको भन्दै आयोगमा उजुरी दिएका थिए । उक्त उजुरीको आधारमा आयोगले कारबाही प्रक्रिया अगाडि बढाएको हो ।

त्यसो त रक्ताम्य जुत्ताको तस्विर भूसालले मात्र होइन भक्तपुर-२ बाट उम्मेदवारी दिएकी जानुका पाठक (शोभा)ले पनि प्रयोग गरेकी छिन् । आयोगका अनुसार दर्ता भएको र आयोगले दिएको चुनाव चिह्नबाहेक अर्को चुनाव चिह्न राखेर प्रचारप्रसार गर्न मिल्दैन ।

# पहाड चढ्दै उम्मेदवार, स्थानीयद्वारा स्वागत र खबरदारी

नवलपुर । २ वटा निर्वाचन क्षेत्र रहेको नवलपरासी पूर्वमा तराईबाट उम्मेदवारहरू घरदैलोका लागि पहाड चढ्न थालेका छन् ।

भित्री मधेस र तराईसहित जिल्लाको ठूलो भू-भाग पहाडी क्षेत्रमा पर्दछ ।

पहाड चढेका उम्मेदवारहरूलाई स्थानीयले ठाउँ ठाउँमा फूलमाला र अबिरले स्वागत गरेकाछन् भने सँगसँगै चुनाव जितेपछि पहाडलाई चटक्क भुल्न पाइनेछैन भन्दै खबरदारी समेत गरेको भारतीपुरका डोलराज रानाले बताए ।

मतदाताले घरदैलोमा आएका उम्मेदवारलाई बाटो घाटो, पुल निर्माण, सडक स्तरन्नोति, फलफूल एवं कृषि बाली प्रवर्द्धनका लागि सिँचाइ तथा गाउँ गाउँमा स्थानीयको आय आर्जनका लागि सुठो प्रशोधन प्रविधिमा सहजीकरण जस्ता माग राखेकाछन् ।

यस क्षेत्रका विभिन्न राजनैतिक दलका उम्मेदवारले पहाडी क्षेत्रको मतलाई आफ्नो जितको सुनिश्चित आधारका रूपमा बिगतदेखि लिँदै आएका छन् ।

यस पटक क्षेत्र नम्बर १ मा एमालेले जन संगठन र काँग्रेसले निरन्तर जितको बर्चस्वसहित मजबुद जनाधारलाई जितको आधार बनाएको छ ।

त्यसैगरी रास्वपाले गत निर्वाचनको मत परिमाण, युवा जनलहर र दाताहरूले मत बदल्ने कुरामा आशावादी रहेको बताइन्छ ।कतिपय उम्मेदवारले पार्टीले अवलम्बन गरेका नीति, सामाजिक छवि, व्यक्तित्व र विकास एजेण्डाले जित दिलाउने बताउदै आएका छन् ।

२०४६ सालको राजनैतिक परिवर्तनपछि नवलपरासी १ मा नेपाली काँग्रेसका उम्मेदवारले पहाडी मतदाताको निर्णायक मतसँगै जित हाँसिल गर्दै आएको स्थानीयको भनाइ छ ।यो क्षेत्रबाट प्रजातन्त्रका सेनानी सूर्यभक्त अधिकारी, दामोदर बस्ताकोटी, जिल्ला सभापति महेन्द्रध्वज जिसी र लगातार ४ पटक बीपी पुत्र शशांक कोइराला प्रतिनिधि सभाका लागि निर्वाचित भएका थिए ।

त्यसैगरी २ नम्बर क्षेत्रमा बहुदल आएदेखि नेकपा एमालेका उम्मेदवारहरूले राख्दै आएको जितको बर्चस्व दोस्रो संविधानसभामा काँग्रेसका महेन्द्रध्वज जिसी तथा गत २०७९ को निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार बिष्णु कार्कीको जितसँगै तोडिएको जिल्लावासीको भनाइ छ ।

अघिल्ला निर्वाचनहरूमा नेकपा एमालेका मझिलाल थारू थनेत, चन्द्रमणि खराल, जीवनकुमार श्रेष्ठ, कृष्ण पौडेल, तिलबहादुर महत क्षेत्रीलगायतका उम्मेदवारले यहाँबाट चुनाव जितेका थिए ।

यस्तै यहाँको दाउन्ने पूर्वसहित पश्चिम बर्दघाटको भूगोल समेटिएका बेला ३ नम्बर क्षेत्रबाट नेकपा माओवादीका उम्मेदवार सीता बौडेल संविधानसभा निर्वाचनमा निर्वाचित भएकी थिइन् ।

विगतको निर्वाचनमा भने यो क्षेत्रमा नेपाली काँग्रेस, एमाले नै मुख्य प्रतिष्पर्धी देखिएका थिए । जुन कुराको पुष्टि २०७९ को निर्वाचन परिणामले गरेको थियो ।

यस पटक नेपाली काँग्रेसका युवा नेता ओमबहादुर घर्ती मगर, एमाले केन्द्रीय सदस्य तिलक महत, रास्वपाका तर्फबाट मनिष खनाल,थारू महिला नेतृ रूना महतो राप्रपा, श्रम संस्कृतिका कमल चापागाईंलगायतकका उम्मेदवार चुनावी घरदैलोमा छन् ।

चुनावी मैदानमा उत्रिएर सबै उम्मेदवार मतदाता कहाँ पुगेर मत मागि रहँदा स्थानीयले भने काँग्रेस एमाले, रास्वपा र नेकपा बिच नै मुख्य प्रतिस्पर्धा देखिएको बताउँछन् ।

यसरी नै क्षेत्र नम्बर १ मा नेपाली काँग्रेस, नेकपा एमाले, रास्वपा र नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवारहरू नै हार जितको नजिक नजिक रहेको राजनैतिक वृत्तमा चर्चा रहेको छ ।

त्यसो त आफूहरू पनि दुबै क्षेत्रमा उत्तिकै प्रतिष्पर्धी रहेको बताउँदै नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, मंगोल नेशनल अर्गनाइजेसन, राष्ट्रीय जनमोर्चा, नेकपा माओबादीलगायत दल, श्रम संस्कृति पार्टी, उज्यालो नेपाल पार्टी र स्वतन्त्र उम्मेदवार मतदाता भेट्न घरदैलोमै व्यस्त देखिन्छन् ।

यसै क्रममा क्षेत्र नम्बर १ का काँग्रेस उम्मेदवार बालकृष्ण घिमिरे पहाडको बुलिङटार गाउँपालिकाअन्तर्गत अत्रौली, अर्खला, पोखरी, डाँडाझेरीका घरदैलोमा आइ पुगेको स्थानीय सूर्य कंडेलले बताए ।

त्यसैगरी नेकपा एमाले उम्मेदवार भागिरथ सापकोटा पनि पहाडी क्षेत्रको घर दैलो सकेर गैडाकोट झरेका छन् ।

उनले छरछरे, बुलिङ्ग, कोखे, देउपुरलगायत पहाडी क्षेत्रका मतदातासँग भेट गरेको बुलिङ्गटारका विद्रोही गिरीले बताए ।

यसैगरी रास्वपा उम्मेदवार राजन गौतमका अनुसार केही दिनअघि पहाड उक्लिएर मतदाताका घरदैलोमा पुगेको र स्थानीयबाट आफुले राम्रो समर्थन पाएको दाबी गरे । काँग्रेसका घिमिरे, राप्रपाका दीपकचन्द्र बस्ताकोटी बुलिङ्गमै जन्मिएर त्यहीको माटोमा विद्यालय शिक्षा उत्तीर्ण गरेका उम्मेदवार हुन् भने एमाले उम्मेदवार सापकोटा, रास्वपाका गौतम, नेकपाका लोकप्रसाद भूर्तेल सांगठनिक आधारसँगै स्थानीयको सद्भावले पहाडका मतमा आशावादी देखिएका छन् ।

पहाडका स्थानीयहरू भने आफ्नो निर्वाचन क्षेत्रका सबै भू-भाग सबैलाई उत्तिकै महत्वपूर्ण भए पनि विकास निर्माणमा पहाडी क्षेत्र पछि परेकाले हरेक उम्मेदवारको प्राथमिकता पहाड नै हुनु पर्ने बताउँछन् ।

जिल्लाको उत्तर पश्चिम पाल्ला सिमाना राईकादेखि पूर्व गैंडाकोटको ढोडेनीसम्मको कालीगण्डकी उपत्यका तथा महाभारत पर्वत श्रृंखलाअन्तरगतका पहाड र बेसीहरू नवलपरासी पूर्वको १ र २ नम्बर क्षेत्रमा पर्दछन् ।

त्यसैगरी २ नम्बर क्षेत्रले पहाड मधेस र तराईको त्रिवेणीस्थित भारतीय सीमाका बस्तीसम्म छोएको छ ।

# ज्ञानेन्द्र शाहलाई स्वागत गर्न विमानस्थल आउन राजसंस्था पक्षधरको आह्वान



बुटवल । काठमाडौँ जिल्ला प्रशासन कार्यालयले त्रिभुवन विमानस्थल आसपास क्षेत्रमा निषेधाज्ञा जारी गरे पनि राजा र राजसंस्था पक्षधरले फागुन १ गते सो क्षेत्रमा पूर्वराजालाई स्वागतका लागि उपस्थित हुन आह्वान गरेका छन् ।

काठमाडौँ जिल्ला प्रशासन कार्यालयले बिहीबार सूचना जारी गर्दै विमानस्थल र त्यस आसपासका क्षेत्रमा कुनै पनि ऱ्याली, जुलुस र भिडभाडका कार्यक्रम गर्न निषेध गरेको जनाएको थियो ।

प्रशासनले यस्तो सूचना जारी गरेको भोलिपल्ट बिहीबार नवराज सुवेदी नेतृत्वको संयुक्त जनआन्दोलन समितिले फागुन १ गते पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतका लागि त्रिभुवन विमानस्थलमा नागरिकलाई सहभागी हुन अपिल गरेका छन् ।

'सबै मिलेर देश बचाउन र बनाउन निषेधको राजनीति अन्त्य हुनुपर्दछ भन्ने नागरिक तहमा आम सहमति छ ।

मूलतः राष्ट्रिय एकताको प्रतिक राजसंस्था बिना देश र जनताले खोजेको स्थायी निदान प्राप्त हुन सक्दैन भन्ने एकमत छ', सुवेदीले जारी गरेका विज्ञप्तिमा भनिएको छ-'यही सन्दर्भमा राजा ज्ञानेन्द्र भोलि फागुन १ गते झापाबाट राजधानी आगमन हुने कार्यक्रममा, दिनको १२ बजे त्रिभुवन विमानस्थल पुगेर भव्य स्वागतमा सरिक हुन राष्ट्रलाई माया गर्ने, शान्ति, सुव्यवस्था चाहने आम नागरिकलाई हार्दिक आह्वान गर्दछु ।'

यसअघि २०८१ चैतमा पनि सुवेदी नेतृत्वको समितिले तीनकुनेमा राजाको पक्षमा कार्यक्रम राखेको थियो । जहाँ गोली चल्न पुगेको थियो । प्रशासनको निर्देशनविपरीत फागुन १ गते राजावादीहरूले विमानस्थल आसपास प्रदर्शन गरेमा झडप हुनसक्ने आशङ्का सर्वसाधारणले गर्न थालेका छन् ।

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्क:**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो. ९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**सडक प्रयोग गर्दा ध्यान दिऔं ।**

- सडक सीमा अतिक्रमण नगरौं ।
-सडक सीमामा अस्थायी एवं स्थायी संरचना निर्माण नगरौं ।
-सडकको नाली, ढल तथा पानी निकास बन्द हुन नदिऔं ।
- सवारी चलाउँदा लेन अनुशासन पालना गरौं र गराऔं ।
-सवारी चलाउँदा ट्राफिक नियमको पालना गरौं ।
- सवारी साधनमा झुण्डिएर वा छतमा बसेर यात्रा नगरौं ।
- सडकको क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
- जेब्रा क्रसिङबाट मात्रै बाटो काट्ने गरौं ।
- सडकको तत्काल मर्मतसम्भार गर्ने गरौं ।
-यात्राको क्रममा कुनै समस्या भए नजिकको प्रहरीलाई खवर गरौ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com